**मिति २०७८ बैसाख ०८ गतेको ५८ औं कार्यपालिका बैठकका प्रस्ताव र निर्णयहरु :**

प्रस्तावहरु :

१. स्थानीय तहको क्षमता स्व मुल्याङ्कन (LISA) को परिणाम सम्बन्धमा,
२. १५ शैयाको आधारभुत अस्पतालको विस्तृत परियोजना प्रतिवेदन सम्बन्धमा
३. कालाजग्रा पर्यटकीय पार्कको विस्तृत परियोजना प्रतिवेदन सम्बन्धमा,
४. बाल विवाह तथा छाउपडी गोठुमुक्त वडा घोषणा सम्बन्धमा

निर्णयहरु :

१. बडीमालिका नगरपालिकाको आर्थिक वर्ष २०७६/०७६ को क्षमता स्वमुल्याङ्कनको अङ्क ५६.५ प्राप्त हुन आएको सम्बन्धमा छलफल भयो । नगरपालिकाले गर्नुपर्ने सुधारको कार्य गरी आगामी वर्षमा राम्रो गर्नका लागि वडा कार्यालयहरु, विषयगत शाखाहरु उं नगर कार्यपालिकाका सबै पदाधिकारीज्यूहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।
२. नेपाल सरकार स्वास्थ्य तथा जनसख्या मन्त्रालय र बडीमालिका नगरपालिकाको लागत साझेदारीमा निर्माण हुने १५ शैयाको आधारभुत अस्पतालको विस्तृत परियोजना प्रस्ताव कार्यपालिका बैठकमा पेश भयो, नेपाल सकारद्वारा स्वीकृत मापदण्ड, भवन आचारसंहिता र बाल अपाङ्ग महिलामैत्री संरचना समेत समावेश गरी विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।
३. नेपाल सरकार संस्कृती पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय र नगरपालिकाको लागत साझेदारीमा पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तरगत स्वीकृत कालाजग्रा पर्यटकीय पूर्वाधार निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।
४. छाउपडी गोठमुक्त बडीमालिका नगरपालिका घोषण अभियान अन्तरगत यसै आर्थिक वर्षमा वडा नं १, २, ७ र ८ लाई छाउपडी गोठमुक्त वडा घोषणा गर्नका लागि आवश्यक कार्ययोजना सहित कार्यक्रम अघि बढाउने निर्णय गरियो ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

२०७८।१।०८

प्रमुख प्रशासकीय अधिकृत